# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

**प्रेस विज्ञप्तिः २०७२।११।१३ गते ।**

**आरोपपत्र दायर गरिएको (राजस्व रकम हिनामिना )**

-------------------------------------------------------

झापा जिल्ला, मेचीनगर नगरपालिका कार्यालयले कृषी मण्डीका लागि मेचीनगर नगरपालिका वडा नं. ३ स्थित कि.नं.१३६,१३७, १३८ र ९६२ को ५-०-० (पाँच विगाहा) जग्गा खरिद गर्दा मालपोत कार्यालय, भद्रपुर, झापाबाट मिति २०६९।१०।१४ मा पारित भएको राजीनामा कागजमा एउटै नं. ४५४९ क को राजीनामा लिखतको मेचीनगर नगरपालिका कार्यालयबाट प्राप्त सक्कल प्रतिमा जग्गाको थैलीअंक रु.३,२५,००,०००/- (अक्षरुपी तीनकरोड पच्चीसलाख)र राजस्व वापत बुझाएको नगदी रसिद नं. ४५४९क/१०२०५ मा रु.१३,००,०००/-(अक्षरुपी तेह्रलाख) उल्लेख भएकोमा सोही नं.को मालपोत कार्यालय, भद्रपुर, झापाबाट प्राप्त सक्कल राजीनामा कागजमा थैली अंक रु.५०,००,०००/-(अक्षरुपी पचासलाख) र राजस्व वापत बुझाएको नगदी रसिदमा रु.२,००,०००/-(अक्षरुपी दुईलाख) मात्र राजस्व आम्दानी बांधी उक्त रकम मात्र राजस्वमा दाखिला गरी नेपाल सरकारको रु.११,००,०००/-(अक्षरुपी एघारलाख) राजस्व चुहावट एवं हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टी हुन आएकोले तपसिलमा उल्लेखित राष्ट्रसेवक कर्मचारीहरु र व्यक्ति उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको मागदाबि लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | नाम | पद | बिगो | ऐन |
|---|---|---|---|---|
| १. | भिम प्रसाद पौडेल | तत्कालीन कार्यकारी अधिकृत (मेचीनगर न.पा.) | रु.११,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१) र ३(१)च |
| २. | रमेश कुमार आचार्य | ना.सु. (मेचीनगर न.पा.) | रु.११,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१)र ३(१)च |
| ३. | कोमल प्रसाद खतिवडा | तत्कालीन शाखा अधिकृत (मालपोत कार्यालय भद्रपुर, झापा) | रु.११,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसुरमा सोही दफा ७ को देहाय क र ख, दफा ३, ३(१) र ३(१)(च) |
| ४. | ईन्द्र प्रसाद सिवाकोटी | तत्कालीन ना.सु. (मालपोत कार्यालय भद्रपुर, झापा) | रु.११,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसुरमा सोही दफा ७ को देहाय क र ख, दफा ३, ३(१) र ३(१)(च) |
| ५. | हिरा बहादुर खड्का | तत्कालीन खरिदार (मालपोत कार्यालय भद्रपुर, झापा) | रु.११,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसुरमा सोही दफा ७ को देहाय क र ख, दफा ३, ३(१) र ३(१)(च) |
| ६. | अमर कुमार न्यौपाने | लेखापढी व्यवसायी | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) |

FIGHT AGAINST CORRUPRION